नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं ।

## भन्सार नियमावली, २०८३ को नियम ८९ अनुसार डाँक बढाबढद्वारा मालवस्तु लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रकाशित मिति: २०८३/०२/०१ समय दिउसो ४:०० बजे)**

भन्सार चोरी पैठारीको अभियोगमा यस कार्यालयमा दाखिला भएका तपसिल बमोजिमका मालवस्तु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०८३ को नियम ८९ मा भएको व्यवस्था अनुसार खुला बोलकबोलको माध्यमद्वारा लिलाम बढाबढ गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त इच्छुक व्यक्ति/फर्म तथा संस्थाद्वारा डाँक बढाबढमा भाग लिनको लागि यो सूचना टाँस गरिएको छ ।

**मिति २०८३।०२।०४ गते दिनको ११:०० देखि ११:३० बजे सम्म यस कार्यालयमा डाँक बढाबढ हुनेछ र डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु हुनेछ ।**

तपसिल

| सि.नं. | मुद्दा नं. | सामानको विवरण | न्यूनतम मूल्य रु. |
|---|---|---|---|
| १. | १२३-२०८२/०८३ | मालकिस्ट विस्कुट-१३२० पिस | ९२,४००।-<br>(बयानब्बे हजार चार सय मात्र) |

शर्तहरु

१) बढाबढद्वारा कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतले हुने रकम तत्काल नगद धरौटी राख्नुपर्नेछ ।

२) डाँक स्वीकृत भएमा नगद धरौटी वापत राखिएको रकममा बाँकी अपुग रकम थप गरी सोमा नियमानुसार लाग्ने कर समेतको रकम सात दिनभित्र दाखिला गरी सामान उठाई लैजानु पर्नेछ ।

३) अन्तिम कबोलकर्ता र सोको निकटतम कबोलकर्ता बाहेक अन्य कबोलकर्ताले राखेको धरौटी तत्कालै फिर्ता गरिनेछ ।

४) यदि सात दिन भित्रमा सामान उठाई नलगेमा धरौटी वापत राखेको रकम जफत गरी लिलाम सम्बन्धी अन्य कारवाही गरिनेछ ।

५) डाँक स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सर्वाधिकार रहनेछ ।

६) साथै डाँक बढाबढमा भाग लिने इजाजत प्राप्त व्यक्ति वा फर्मले अनिवार्य रुपमा मु.अ.कर दर्ता भएको स्थायी लेखा नम्बरको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

७) उक्त मालवस्तुहरुको विषयमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको मुद्दा तथा लिलाम शाखामा सम्पर्क गर्नु हुन समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

भन्सार अधिकृत

Scanned with CamScanner